जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका-६, सिरहा**
**फोन नं.: ०३३-५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००**
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३१५ पृष्ठः ४ | २०८२ चैत्र २९ आइतबार (Sunday 12 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# चार महिनापछि खुल्यो लहान नगरपालिकाको खाता




सिरहा, २८ चैत्र। विगत चार महिनादेखि रोक्का रहेको लहान नगरपालिकाको बैंक खाता बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ। खाता सञ्चालनमा आएसँगै लामो समयदेखि रोकिएको कर्मचारीको तलब, सामाजिक सुरक्षा भत्ता र विकास निर्माणका कामको भुक्तानी हुने भएको छ। खाता रोक्का हुँदा नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकले तलब पाउन सकेका थिएनन्। यसका साथै विद्यालयका पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा र विद्यालय व्यवस्थापन अनुदानसमेत रोकिएकाले शैक्षिक क्षेत्र नराम्ररी प्रभावित भएको थियो। तलब नपाएपछि कर्मचारी र शिक्षकहरूले नयाँ वर्ष २०८३ अघि नै निकासा नभए कडा आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएका थिए।

नगरपालिकाको खाता रोक्का हुनुको मुख्य कारण प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाको सरुवासम्बन्धी विवाद थियो। सरकारले झाको स्थानमा शिक्षातर्फका उपसचिवलाई पठाउन खोजेपछि नगरपालिकाले असहमति जनाएको थियो। आफ्नो अवकाश हुन केही महिनामात्र बाँकी रहेको भन्दै उनले सरुवा रोक्न प्रशासकीय अदालतमा मुद्दा दायर गरेका थिए। अदालतले फागुन ११ गते सरुवालाई यथास्थितिमा राख्न आदेश दिए पनि मन्त्रालयले खाता फुकुवा नगर्दा समस्या लम्बिएको थियो। हाललाई जयकान्त झा नै प्रमुख प्रशासकीय अधिकृतका रूपमा कायम रहनेगरी खाता सञ्चालन भएको हो।

खाता सञ्चालन भएपछि नगरप्रमुख चौधरीले प्रशासनिक जटिलताका कारण सेवाग्राही र कर्मचारीले भोग्नुपरेको समस्याप्रति आफूहरू सजग रहेको बताए। उनले भने, 'लामो समयको अवरोध हटेको छ, अब नगरपालिकाको आर्थिक र प्रशासनिक कामकाजले पुनः गति लिनेछ र रोकिएका सबै प्रक्रियालाई हामी द्रुतगतिमा अगाडि बढाउनेछौँ।' खाता खुलेपछि अब कर्मचारीको रोकिएको तलब र सामाजिक सुरक्षा भत्ता वितरणको प्रक्रिया तत्कालै अघि बढ्ने नगरपालिकाले जनाएको छ।

# आइतवार 'ओपीडी' सञ्चालन गर्न सकिँदैन : चिकित्सक संघ

काठमाडौं, २८ चैत्र। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतवार पनि बहिरङ्ग (ओपीडी) सेवा सञ्चालन गर्न निर्देशन दिएपछि नेपाल चिकित्सक संघले गम्भीर ध्यानाकर्षण भएको बताउँदै निर्णयमा पुनर्विचार गर्न माग गरेको छ। सरकारले शनिवार र आइतवार दुई दिन बिदा गर्ने व्यवस्था लागू गरेपछि स्वास्थ्य सेवा प्रभावित नबनोस् भन्ने उद्देश्यले स्वास्थ्य मन्त्रालयले अस्पतालहरुलाई आइतवार पनि बहिरङ्ग सेवा सञ्चालन गर्न आग्रह गरेको थियो। अस्पतालहरूले आफ्नो कार्यभार हेरी बहिरङ्ग सेवा सञ्चालन गर्न र सट्टा बिदा मिलाएर भए पनि सेवा प्रवाह गर्न मन्त्रालयले निर्देशन दिएको थियो।

निर्देशन प्राप्त भएपछि संघले विज्ञप्ती जारी गर्दै पर्याप्त जनशक्ति अभाव र बढ्दो कार्यभारका कारण निर्देशन कार्यान्वयन गर्न कठिनाइ हुने भएकाले आइतवार बहिरङ्ग सेवा सञ्चालन गर्न सम्भव नभएको जनाएको हो।

चिकित्सक तथा स्वास्थ्यकर्मीले ९ देखि ५ बजेसम्म बाहेक 'अनकल', 'राउन्ड' तथा

**–बाँकी अन्तिम पेजमा**

# स्वास्थ्यका कर्मचारीलाई जिन्सी शाखाको जिम्मा, प्रसूति गृह एकजना अनमीको भरमा

**सुरेश राय**

सिरहा, २८ चैत्र। सिरहाको नरहा गाउँपालिकामा रहेको प्रसूति गृह अहिले केवल एकजना अनमीको भरमा सञ्चालन भइरहेको छ। सामान्यतया यस्तो प्रसूति गृहमा कम्तीमा दुई जना स्टाफ नर्स, एक जना स्वास्थ्य सहायक र एक जना कार्यालय सहयोगी आवश्यक हुन्छ, ताकि प्रसूति सेवाहरू सुरक्षित, व्यवस्थित र सहज रूपमा प्रदान गर्न सकियोस्। तर, हाल यहाँ छैठौं तहकी एक्जना अनमी टीकादेवी ढुङ्गेलले मात्र सेवा दिइरहेकी छन्।

यसको कारण, प्रसूति गृहको सेवाग्राहीको संख्या निकै न्यून हुनु पनि हो। चालु आर्थिक वर्षको १० महिनामा यहाँ केवल १९ जना सुत्केरी भएका छन्। तीमध्ये ११ जना स्थानीय समुदायका महिला



हुन्, जो अन्य स्वास्थ्य संस्थामा जान असमर्थ थिए। यसले देखाउँछ कि स्थानीय महिलाहरूका लागि यो प्रसूति गृह अत्यन्तै महत्वपूर्ण छ तर कर्मचारी अभावका कारण यसको प्रभावकारिता कम भएको छ।

वर्छवा स्वास्थ्य चौकी प्रमुख महेश कुमर रजकले बताए अनुसार, दिउँसो कार्यालय समयको बेला समस्या कम भए पनि, रातको समयमा सुत्केरी गराउन आउँदा धेरै कठिनाइ हुन्छ। यदि अनमी बिदामा गए वा कुनै आकस्मिक परिस्थितिमा अनुपस्थित भइन् भने प्रसूति गृह पूर्ण रूपमा खाली रहन्छ र सेवामा बाधा पर्छ। अनमी टीकादेवी ढुङ्गेलले रातको समयमा सुत्केरी गराउन कठिनाइ भए पनि सकेसम्म सेवा प्रदान गरिरहेकी छन्। उनका अनुसार, दिउँसो सुत्केरी सेवा दिन सजिलो छ तर रातको समयमा पनि एक्लै भए पनि काम गर्नैपर्छ।

प्रमुख प्रशासकीय अधिकृत आदित्यकुमार कर्णले स्वास्थ्य कर्मचारीको अभावका कारण प्रसूति गृह एकजना अनमिकै भरमा सञ्चालन भइरहेको कुरा स्वीकार

**–बाँकी अन्तिम पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**क्षयरोगबाट बचौं र बचाऔं।**

- खोक्दा र हाच्छ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

**"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाओं**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सीपमुखी विकल्पको ढोका खोल

विसं २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसईई) भर्खरै सकियो। यस वर्ष करिब ५ लाख विद्यार्थी एसईई परीक्षामा सम्मिलित भएका छन्। एसईई विद्यालयस्तरको अन्तिम परीक्षा नभएर हो वा शैक्षिक संस्कारमा सुधार भएर हो परीक्षा विगतका तुलनामा केही वर्ष यता मर्यादित र शान्तिपूर्ण हुँदैगएको देखिन्छ। परीक्षा अपेक्षाकृत मर्यादित हुनुलाई नेपालको शैक्षिक विकासको सकारात्मक सङ्केत मान्न सकिन्छ।

एसईईपछि सुरु हुने उच्च माध्यमिक तहको कक्षाहरूमा भने देशको शैक्षिक गुणस्तरमा रहेको विभेद प्रकट हुन थाल्छ। सहरका र त्यसमा पनि संस्थागत भनिने निजी विद्यालयमा पढेकाहरू अंग्रेजी, गणित, विज्ञानजस्ता विषयमा गाउँमा सामुदायिक भनिने सरकारी विद्यालयका विद्यार्थीभन्दा निकै सिपालु हुन्छन्। नेपाली भाषाका हकमा भने संस्थागतभन्दा सामुदायिक विद्यालयका र सहरका तुलनामा गाउँले विद्यार्थीहरू अगाडि देखिन्छन्।

भाषा सञ्चारको माध्यममात्र होइन ज्ञानको ढोका पनि हो। कुनै विद्यार्थी नेपालीमै कमजोर भए राष्ट्रिय जीवनका विविध क्षेत्रमा यसको सहज सहभागिता कठिन हुन्छ भने अंग्रेजीमा कमजोर हुँदा उच्च शिक्षा र विश्वस्तरीय ज्ञानसँग जोडिन समस्या पर्छ। अझ नेपाली मातृभाषा नभएका विद्यार्थीहरूका लागि त नेपाली भाषा नै चुनौतीपूर्ण हुनपुगेको देखिन्छ। यस्तो अवस्थाले भाषिक विभाजनमात्र होइन अवसरको असमानता पनि बढाइरहेको छ ।

यसका साथै गाउँका सामुदायिक विद्यालयहरूमा विज्ञान र गणितका योग्य शिक्षकको अभाव अर्को गम्भीर समस्या बनेको छ। आधारभूत विषयमै कमजोर आधार बनेपछि विद्यार्थीको उच्च शिक्षातर्फको यात्रा नै प्रभावित हुन्छ। यसैले गाउँका सामुदायिक विद्यालयहरूमा विज्ञान, गणित र अंग्रेजीका विषयगत शिक्षकको सुनिश्चित व्यवस्था गर्नुपर्छ।

परिणामतः उच्चमाध्यमिकदेखि स्नातकोत्तर तहसम्मको शैक्षिक गुणस्तरमा समेत यसको प्रत्यक्ष असर देखिन्छ। विद्यालय शिक्षा पूरा गरेर बाहिरिने कतिपय विद्यार्थी सामान्य व्यावहारिक सीपसमेत हुँदैन। यीमध्ये करिब आधा त उच्च माध्यमिक कक्षामा प्रवेश नै गर्नैनन्। कतिले पाउँदैनन् र पाउने कतिले आर्थिक कारणले सक्दैनन्। यी सबैले विद्यालय शिक्षाको उद्देश्य र प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएका छन्।

कम्तीमा पनि नेपाली र अंग्रेजी दुवै भाषामा सन्तुलित दक्षता विकास गर्ने द्विभाषिक शिक्षण रणनीति लागू गर्नुपर्छ। विद्यालय तहमा व्यावहारिक जीवनोपयोगी सीप (पत्र लेखन, प्रस्तुति, आधारभूत प्रशासनिक लेखन) अनिवार्य बनाइनुपर्ने देखियो। विद्यालय छाडेपछि सामान्य घरव्यवहार त चलाउन सकुन् !

विद्यालय तह नै सम्पूर्ण शैक्षिक यात्राको जग हो। यही तहमा देखिएको भाषिक तथा विषयगत विभाजनलाई समयमै सम्बोधन गर्न सकिएन भने यसले दीर्घकालीनरूपमा सामाजिक असमानता अझ गहिरो बनाउनेछ। त्यसैले सामुदायिक विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता, भाषिक सन्तुलन कायम गर्ने पाठ्यक्रम र शिक्षण पद्धति तथा व्यावहारिक सीपमा आधारित शिक्षणलाई प्राथमिकता दिने नीति राज्यले अविलम्ब अवलम्बन गर्नुपर्छ।

अर्कोतिर, नेपालमा व्यावसायिक शीक्षाका लागि पनि एसईई उत्तीर्ण हुनुपर्ने गरिँदा अनुत्तीर्ण विद्यार्थीहरूका लागि सीप विकासको पनि ढोका बन्द हुनपुगेको छ। औपचारिक उच्च शिक्षा हासिल नगरेर पनि सीप भए मर्यादित जीविकोपार्जन गर्न सकिन्छ। यसैले एसईईमा अनुत्तीर्ण भएका वा उत्तीर्ण भएर पनि व्यावसायिक शिक्षा लिएर सीप सिक्न चाहने तथा सक्ने विद्यार्थीका लागि राज्यले विशेष अवसर उपलब्ध गराउनु उचित हुनेछ।

सीपमूलक तालिम वा प्रशिक्षणका लागि एसईईको परीक्षाफललाई आधार मान्ने व्यवस्था बन्द गरिनुपर्छ। कुशल प्लम्बर वा इलेक्ट्रिसियन हुन इसईईमा उत्तीर्णै हुनु त पर्दैन नि [ सीपमूलक शिक्षा दिने संस्थाहरू व्यापकरूपमा सञ्चालन गर्ने र राज्यले त्यस्तो प्रशिक्षणको लागि सहयोग दिने हो भने अर्धदक्ष प्राविधिक जनशक्तिको खाँचो त पूरा हुनेछ नै बेरोजगारीको समस्या पनि धेरै हदसम्म समाधान हुनसक्छ।

यसका लागि एसईई उत्तीर्ण नभएका विद्यार्थीका लागि सीपमूलक शिक्षामा वैकल्पिक प्रवेशमार्ग खोलिनुपर्छ। उदाहरणका लागि  प्लम्बिङ, इलेक्ट्रिसियन, मर्मत, कृषि प्राविधिकजस्ता तालिमलाई औपचारिक उच्च माध्यमिक शिक्षासँगै समानान्तर राष्ट्रिय प्राथमिकता दिनुपर्छ। आर्थिक कारणले उच्च माध्यमिकमा प्रवेश गर्न नसक्ने विद्यार्थीका लागि लक्षित छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्नुपर्छ।

# राम्रो विद्यालय कसरी रोज्ने ?

अहिले विशेषगरी धेरैजसो विद्यालयहरूमा वार्षिक परीक्षा सकिएको छ। विद्यार्थीहरू केही समयका लागि फुर्सदिला भएका छन् भने आउँदो वैशाख १५ गतेदेखि नयाँ शैक्षिक सत्र शुरू हुँदैछ। यस्तो समयमा विशेषगरी अभिभावकहरू आफ्ना नानीबाबुहरूलाई आधारभूत तहमा राम्रो विद्यालयमा भर्ना गराउने तयारीमा देखिन्छन्। धेरै अभिभावकहरू उपयुक्त विद्यालय खोज्दै हिँडिरहेका पनि भेटिन्छन्। बालबालिकाको विकासको आधार वास्तवमा आमाको गर्भावस्थादेखि नै शुरू हुन्छ। आमाको मानसिक स्वास्थ्य कस्तो छ, पोषणको अवस्था कस्तो छ—यी कुराहरूले पनि बालबालिकाको प्रारम्भिक विकासमा महत्त्वपूर्ण प्रभाव पार्छन्। त्यसपछि शुरू हुने प्रारम्भिक बाल्यकाल शिक्षाले थप आधार तयार गर्छ।

त्यसपछि आउने आधारभूत तह वा प्राथमिक शिक्षा भनेको मानव जीवनको सबैभन्दा महत्वपूर्ण जग हो। यही चरणमा बालबालिकाको सोच्ने क्षमता, सिक्ने बानी र व्यवहार विकास हुन्छ। त्यसैले यस तहमा गुणस्तरीय शिक्षक, सक्षम शिक्षण पद्धति र उत्कृष्ट विद्यालय वातावरण अत्यन्त आवश्यक हुन्छ। आधारभूत तहलाई जग अर्थात् 'फाउन्डेशन' भनिनुको कारण नै यही हो, यसले नै बालबालिकाको भविष्यको दिशा निर्धारण गर्छ।

अहिले धेरै अभिभावकहरू राम्रो विद्यालय कस्तो हुन्छ भन्ने विषयमा अलमलमा परेकोजस्तो देखिन्छ। केही अभिभावकहरू महँगो शुल्क लिने विद्यालय नै राम्रो हुन्छ भन्ने भ्रममा छन्। कतिपयले सामाजिक प्रतिष्ठाका आधारमा विद्यालय रोज्ने गरेको पाइन्छ। त्यसैगरी केही अभिभावकहरू भने राम्रो नतिजा दिने विद्यालयलाई प्राथमिकता दिन्छन्। कामकाजी अभिभावकहरू विशेषगरी बच्चा बिहानदेखि बेलुकासम्म विद्यालयमै व्यस्त रहोस्, विद्यालयले नै बढी समय र जिम्मेवारी लिओस् भन्ने सोच राख्ने पनि छन्। यसैले वास्तवमा गुणस्तरीय शिक्षा के हो ? भन्ने विषयमा अभिभावकहरू अझै अन्योलमै छन्।

साना बालबालिकाको हकमा विद्यालयले केवल पाठ्यवस्तु भराउने भन्दा पनि सिकाइप्रति उत्साह र अभिरुचि जगाउन सक्नुपर्छ। सिकाइ प्रक्रिया बालमनोविज्ञानअनुसार विना दबाव, स्वस्फूर्त रूपमा हुनुपर्छ। त्यसका साथै विद्यालयमा बालमैत्री र समावेशी वातावरण हुनु अत्यन्त आवश्यक छ जहाँ विभिन्न पृष्ठभूमिका बालबालिकाहरू सँगै सिक्न, छलफल गर्न र सहकार्य गर्न पाउँछन्। जान्नेले नजान्नेलाई सिकाउने, धनी–गरिब सबैलाई समान अवसर हुने वातावरण हुनु जरुरी छ। शारीरिक वा अन्य फरक अवस्थाका बालबालिकाहरूलाई पनि समेट्ने वातावरण हुनुपर्छ।

विद्यालयमा खेल्नका लागि पर्याप्त स्थान, मैदान, रमाइलो गर्ने अवसर हुनु पनि उत्तिकै महत्त्वपूर्ण छ। साथै पढाइ केवल किताब र पाठ्यक्रममा सीमित नभई वास्तविक जीवनसँग जोडिएको, रचनात्मकता र सिर्जनशीलता विकास गर्ने खालको हुनुपर्छ। यस्ता विशेषता भएका विद्यालयहरू नै वास्तवमा उत्कृष्ट मानिन्छन्। महँगो शुल्क लिने विद्यालयहरू नै गुणस्तरीय हुन्छन् भन्ने धारणा धेरै अभिभावकहरूमा देखिन्छ। तर वास्तविकता त्यस्तो मात्र होइन। मध्यम वा न्यून शुल्क भएका विद्यालयहरूमा पनि उत्कृष्ट शिक्षा प्राप्त गर्न पूर्णरूपमा सम्भव छ। शिक्षा त पहिले पिपलको रुखमुनि पनि दिइन्थ्यो। विद्यालयका भवनहरू मूलतः घाम, पानी र हावाहुरीबाट जोगिनका लागि बनाइएका हुन्, केवल महँगो संरचना बनाउनु नै गुणस्तरीय शिक्षाको आधार होइन।

यसैले विद्यालयको भवन वा पूर्वाधार कति महँगो छ भन्ने कुरा भन्दा त्यहाँको सिकाइको वातावरण, शिक्षक र विद्यार्थीबीचको सम्बन्ध र शिक्षकको तयारी तथा प्रतिबद्धता नै सबैभन्दा महत्त्वपूर्ण पक्ष हुन्।न्यून शुल्क भएका वा सामुदायिक विद्यालयहरू जहाँ शुल्क नै नलाग्न सक्छ, त्यहाँ पनि प्रभावकारी सिकाइ सम्भव छ।

विद्यालयको व्यवस्थापन, बालमैत्री वातावरण र बच्चाको बौद्धिक तथा मानसिक विकासमा विद्यालयले खेल्ने भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। त्यसैले अभिभावकहरूले विद्यालय छनोट गर्दा प्रचारप्रसारमा आएको जानकारी मात्रमा निर्भर हुनु हुँदैन। बरु नजिकका विद्यालयहरूको प्रत्यक्ष अवलोकन गर्नुपर्छ, शिक्षकहरूसँग संवाद गर्नुपर्छ र विद्यालयको वास्तविक वातावरण बुझ्नुपर्छ। हिजोआज सामाजिक सञ्जालमा देखिने सबै सामग्री सत्य वा यथार्थपरक नहुन पनि सक्छ। कतिपय अवस्थामा विद्यालयहरू प्रचारका लागि मात्र आकर्षक सामग्री प्रस्तुत गर्छन्। त्यसैले सामाजिक सञ्जाल वा मिडियामा देखिएको आधारमा मात्र निर्णय लिनु उपयुक्त हुँदैन।

अर्को महत्त्वपूर्ण पक्ष भनेको बच्चाको विद्यालय नजिक हुनु हो। बच्चा हिँडेर पुग्न सक्ने दूरीमा रहेको विद्यालय अभिभावकको पहिलो रोजाइ हुनुपर्छ। यसले अभिभावकको निगरानी सजिलो बनाउँछ र बच्चाको दैनिक जीवन पनि सहज हुन्छ। यद्यपि यदि बच्चामा विशेष क्षमता वा आवश्यकता छ र त्यस्तो विद्यालय नजिक उपलब्ध छैन भने फरक कुरा हुन सक्छ। बच्चाको मस्तिष्क निर्माणसँगै जोडिएको विषय भनेको फाउन्डेशन लिटरेसीः र न्युमेरेसीः हो। अर्थात् आधारभूत तहमा गणितीय र वैज्ञानिक सीपहरूको विकास अत्यन्तै आवश्यक हुन्छ। यदि बच्चाले यी सीपहरू प्रारम्भिक अवस्थामै राम्रोसँग सिक्न पाएन भने माथिल्लो कक्षामा पुगेपछि उसको सोच्ने क्षमता र तार्किक शक्ति कमजोर हुन सक्छ।

यस कारण साना कक्षाका विद्यालयहरूले विशेषगरी आधारभूत तहका विद्यालयहरूले यी सीपहरूको विकासमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ। अहिले धेरै विद्यालयहरूमा के देखिएको छ भने बच्चाहरूले उमेर र कक्षाअनुसार हासिल गर्नुपर्ने न्यूनतम सिकाइ उपलब्धि पूरा नगरी नै माथिल्लो तहमा सर्ने गरेका छन्। नेपाल सरकारको पाठ्यक्रम विकास केन्द्रले पनि पाठ्यक्रममै उमेर र तहअनुसारको सिकाइको मापदण्ड तय गरेको छ।

यदि यी न्यूनतम सिकाइ उपलब्धि हासिल नगरी बच्चा अर्को तहमा जान्छ भने उसको आधार कमजोर रहन्छ। यसले गर्दा उच्च शिक्षासम्म पुग्दा पनि समस्या देखिन सक्छ। जसको आधारभूत शिक्षा बलियो हुन्छ त्यस्ता विद्यार्थीहरूले विश्वविद्यालय तहसम्मको शिक्षा पूरा गर्ने सम्भावना बढी हुन्छ। आधार कमजोर भएका विद्यार्थीहरू क्रमशः पढाइबाट बाहिरिने ( ड्रपआउट हुने) अवस्थाहरू विभिन्न अनुसन्धानहरूले देखाएका छन्।

त्यसैले बच्चाको फाउन्डेशनः मजबुत हुनु अत्यन्तै आवश्यक छ। यस विषयमा सरकारले पनि कुनै सम्झौता गर्नु हुँदैन र अभिभावकहरूले विद्यालय छनोट गर्दा पनि यसलाई प्राथमिकतामा राख्नुपर्छ। *(शिक्षाविद् अभिषेक घिमिरेसँगको कुराकानीमा आधारित।)*

# मधेसमा सिँचाइको संकट गहिरिँदै

## ६ लाख २ हजार हेक्टर खेतीयोग्य जमिनमध्ये ५१ प्रतिशत अझै सिँचाइ विहीन

जनकपुरधाम, २८ चैत्र। मधेस प्रदेशभर करिब ६ लाख २ हजार हेक्टर खेतीयोग्य जमिन रहे पनि कुल ४९ प्रतिशत जमिनमा मात्रै सिँचाइ सुविधा पुगेको छ। प्रदेशको अधिकांश कृषि क्षेत्र अझै वर्षाको पानीमा निर्भर रहेको तथ्याङ्कले देखाएको छ। प्रदेश सरकारले बर्सेनि सिँचाइको नाममा करोडौँ रुपैयाँ खर्च गरेर किसानलाई राहत दिएको दाबी गरिरहे पनि ५१ प्रतिशतभन्दा बढी जग्गामा अझै सिँचाइ सुविधा पुग्न सकेको छैन।

मधेस प्रदेश सरकारले विगतमा किसानलाई लक्षित गर्दै 'खेत–खेतमा पानी, हात–हातमा काम' भन्ने आकर्षक नारासहित महत्वाकांक्षी योजना सार्वजनिक गरेको थियो। यद्यपि उक्त नारा सस्तो लोकप्रियतामै सीमित भएको देखिएको छ। प्रदेशमा बर्सेनि घट्दो वर्षा र भूमिगत पानीको अनियमित उपयोगका कारण किसानको उत्पादन जोखिम झन् बढ्दै गएको छ। समस्या समाधानका लागि सरकारले डिप बोरिङ, पावर ड्रिल र ट्युबवेल जस्ता संरचना निर्माणमा ठुलो लगानी गरेको भए पनि तीमध्ये अधिकांश संरचना सञ्चालनमै आउन नसक्दा लगानी प्रभावविहीन बनेको छ।

महोत्तरी जिल्लाको मनरा सिसवा नगरपालिका–१० स्थित सकरीमा ९५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको डिप बोरिङ हालसम्म सञ्चालनमा आउन सकेको छैन। त्यहाँका स्थानीय भगवान भाले बताएअनुसार संरचना तयार भए पनि विद्युत् जडान, मर्मत तथा व्यवस्थापन अभावका कारण किसानले त्यसबाट कुनै लाभ लिन सकेका छैनन्। जिल्लागत अवस्थालाई हेर्दा महोत्तरीमा ३३ वटा र धनुषामा २२ वटा गरी ५५ वटा डिप बोरिङ जडान गरिएको छ। यद्यपि अधिकांश प्रयोगविहीन अवस्थामा छन्। त्यस्तै महोत्तरीमा ४३ वटा र धनुषामा १२३ वटा गरी कुल २१६ वटा पावर ड्रिल ट्युबवेल जडान गरिएको भए पनि धेरै संरचना सञ्चालनमा आउन सकेका छैनन्।

भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय महोत्तरीका निमित्त प्रमुख अमलेश यादवले बजेट अभाव, ट्रान्सफर्मर चोरी, विद्युत् आपूर्तिमा समस्या तथा प्राविधिक व्यवस्थापनको कमजोरीका कारण संरचना सञ्चालनमा आउन नसकेको बताए। उनले भने, 'संरचना बनाउनु मात्रै समाधान होइन, यसको सञ्चालन र व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। त्यसतर्फ आवश्यक ध्यान नपुग्दा धेरै आयोजना अलपत्र परेका छन्।' प्रदेश सरकारले सिँचाइ पहुँच विस्तार गर्ने उद्देश्यले ट्युबवेल वितरण कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ। गत आर्थिक वर्षमा पर्सामा ४०५ जना, रौतहटमा ३१२ जना, बारामा ३४ जना, सप्तरीमा २३२ जना, सिराहामा २०९ जना, महोत्तरीमा २०५ जना र सर्लाहीमा १४५ जना किसानलाई स्यालो ट्युबवेल वितरण गरेको तथ्याङ्क छ।

चालु आर्थिक वर्षमा पनि वितरण प्रक्रिया जारी रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी

**–बाँकी तीन पेजमा**

# पिताको अथक संघर्ष देखेर हुर्किएकी रुबी सामाजिक अभियन्ता हुँदै उपसभामुख बन्न सफल

**नवीन प्रियदर्शी**

जनकपुरधाम, २८ चैत्र। जनकपुर उपमहानगरपालिका–१४ मुजेलिया निवासी २५ वर्षीय रुबी कुमारी प्रतिनिधि सभाको उपसभामुख निर्वाचित भएकी छन्। उनी श्रम संस्कृति पार्टीबाट समानुपातिक निर्वाचन प्रणालीमार्फत प्रतिनिधि सभा सदस्य निर्वाचित भएकी थिइन्।

संसदीय राजनीतिमा पाइला टेक्नासाथ रुबीले उपसभामुखको जिम्मेवारी पाएकी हुन्। यसअघि उनले सामाजिक अभियन्ताका रूपमा काम गरेकी थिइन्। पिता सोगारथ ठाकुर र आमा रेणुका ६ सन्तानमध्ये रुबी साइली छोरी हुन्। सामान्य परिवारमा जन्मिएकी रुबीको यो राजनीतिक छलाङको पछाडि उनका बुबाआमाको अथक संघर्षको कथा लुकेको छ।







**ईंटाभट्टादेखि सैलुन हुँदै वैदेशिक रोजगारीमा बुबाको संघर्ष**

रुबीका बुबा सोगारथ पहिले जीविकोपार्जनका लागि ईंटाभट्टामा काम गर्थे। त्यसपछि उनी पुर्ख्यौली पेसा सैलुन व्यवसायतिर लागे। सैलुनमा कपाल काटेर उनले आठ सदस्यीय परिवारको गुजारा चलाउँथे। छोराछोरी हुर्किँदै गएपछि सैलुनको कमाइले परिवार धान्न गाह्रो भयो। त्यसपछि उनी विदेशिन बाध्य भए। वैदेशिक रोजगारीबाट केही दिन अघिमात्र सोगारथ छुट्टीमा नेपाल आएका छन्। हाल उनी मुजेलियास्थित आफ्नो घरमै छन्।

सोगारथले भने, 'छोरी समानुपातिक सांसद बनेको खबर मैले विदेशमै हुँदा थाहा पाएको थिएँ। अहिले उपसभामुखजस्तो जिम्मेवार र गरिमामय पदमा पुगेकी छ, मलाई धेरै खुसी लागेको छ।' बिहीबार श्रम संस्कृति पार्टीले आफूलाई उपसभामुख पदमा उम्मेदवार बनाउने निर्णय गर्नासाथ रुबीले बुबालाई फोन गरिन्। 'मलाई उपसभामुख पदमा उम्मेदवार बनाउने निर्णय पार्टीले गरेको छ,' रुबीले फोनबाट भनेको कुरालाई उद्धृत गर्दै सोगारथले भने।

छोरीले यस्तो सुनाएपछि खुसीको कुनै सीमा नरहेको उनले बताए। सोगारथले आफ्नो त्यो खुसी परिवार र आफन्तसँग बाँडे। बिहीबार साँझ सोगारथको घरमा छरछिमेकका सबै आएर बधाई दिए।

**सामान्य घरकी छोरी, ठुलो सपना**

रुबीले जनकपुरधाम–१४ स्थित श्री सोहनी माध्यमिक विद्यालयबाट २०७४/०७५ मा एसइई उत्तीर्ण गरेकी हुन्। त्यसपछि उनले सर्लाहीको बलरास्थित टेक्निकल इन्स्टिच्युटबाट तीन वर्षे डिप्लोमा इन्जिनियरिङ पूरा गरिन्। घरको आर्थिक अवस्था कमजोर भएकै कारण उनले जनकपुरधाममै वास्तु आर्किटेक्चर कन्सल्टेन्सीमा कामसमेत गरिन्।

रुबीले भनिन्, 'हाम्रो पुर्ख्यौली घर मुजेलियामा छ। थोरै जग्गामा बनेको एउटा सामान्य घर। आमाले दुई बिघा खेत बटैयामा लिएर खेती गर्नुहुन्छ। एउटा भैंसी पाल्नुभएको छ। त्यसमा हामी सबै दाजुभाइ दिदीबहिनीले सहयोग गर्छौं।' बुबाले विदेशबाट मासिक १५–२० हजार रुपैयाँ पठाउने गरेको र सोही पैसाले घर खर्च चल्ने गरेको उनले सुनाइन्।

'दुःख के हो, मैले अनुभव गरेको छु,' उनले भनिन्। आफूले अब जनताको समस्या समाधानलाई प्राथमिकता दिने उनको भनाइ छ। मधेसका समस्या औंल्याउँदै उनले बेरोजगारी, दाइजो, बालविवाह, महिला हिंसा र लैङ्गिक हिंसाविरुद्ध नीति निर्माणको भूमिकामा अग्रसर हुने बताइन्। 'दाइजोका कारण छोरीहरूको हत्या हुने, रातदिन प्रताडित हुने समस्या रोक्न संसदबाट कानुन बनाएर अघि बढ्ने मेरो ठुलो प्रण हो,' उनले भनिन्।

उपसभामुखको जिम्मेवारीमा रहे पनि आफ्नो पढाइलाई निरन्तरता दिने उनको योजना छ। 'अध्ययन पनि समय मिलाएर जारी राख्छु,' उनले भनिन्। मधेसमा छोरीको उमेर २५ वर्ष पुगेपछि विवाहका लागि परिवार चटारोमा हुन्छन्। यद्यपि रुबी अहिले विवाह नगर्ने सोचमा छिन्। 'म पाँच वर्षसम्म जनताका लागि बुक भइसकेकी छु,' हाँस्दै उनले भनिन्, 'पहिले मेरो प्राथमिकता जनताको सेवा हो, त्यसपछि बिहेबारे सोचौँला।'

रुबीकी आमा रेणु ठाकुर पनि छोरीको उपलब्धिले हर्षित छिन्। उनले भनिन्, 'हाम्रो घर–परिवारमा कसैको पनि राजनीतिक पृष्ठभूमि थिएन,' उनले भनिन्, 'रुबी बाल्यकालदेखि नै सामाजिक काममा अग्रसर थिइन्। पार्टीले यति ठुलो जिम्मेवारी दिएकोमा हामीलाई धेरै खुसी लागेको छ। मधेसकी छोरी, त्यो पनि हाम्रोजस्तो सामान्य परिवारकी छोरीलाई यस्तो सम्मान मिल्नु ठुलो कुरा हो।'

**बाल्यकालदेखि नै रुबीमा थियो सामाजिक चेतना**

जनकपुर–१४ का वडा अध्यक्ष पुण्यप्रताप यादवका अनुसार रुबी बाल्यकालदेखि नै लगनशील र सचेत थिइन्। उनले भने, 'रुबी ९–१० कक्षामै हुँदा दाइजोका लागि छोरी किन मारिन्छन् ? यसको लागि कडा कानुन किन हुँदैन ? भनेर प्रश्न गर्थिन्। त्यो उमेरमै यस्तो चेतना देखेर अचम्म लाग्थ्यो।'

स्थानीय सकिला देवी पनि रुबीको सामाजिक चेतनाको प्रशंसा गर्छिन्। उनले भनिन्, 'रुबी नानी घरघरमा आएर छोरीहरूलाई पढाउनुस्, बालविवाह नगर्नुस् भनेर सम्झाउँथिन्।' तिनै रुबी आज ठुलो पदमा पुगेको खबर सुन्दा धेरै खुसी लागेको सकिला देवीले बताइन्।

# गोरखकालीसहित ७ ठूला उद्योग सञ्चालन गर्न बालेन सरकारको तयारी, पीपीपी मोडलमार्फत पुनर्जीवन दिने योजना




काठमाडौं, २८ चैत्र। प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' नेतृत्वको सरकारले लामो समयदेखि बन्द तथा रुग्ण अवस्थामा रहेका सरकारी उद्योगहरू पुनः सञ्चालन गर्ने प्रक्रिया औपचारिक रूपमा अघि बढाएको छ। अर्थ मन्त्रालयले पहिलो चरणमा सात वटा उद्योगहरूको विस्तृत लेखापरीक्षण तथा मूल्यांकन गरेसँगै औद्योगिक पुनर्जागरणतर्फ सरकार अघि बढेको हो। मन्त्रालयका अनुसार गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल मेटल कम्पनी, नेपाल ओरिन्ड एन्ड म्याग्नेसाइट, हेटौँडा कपडा उद्योग र उदयपुर सिमेन्ट उद्योगलाई पुनः सञ्चालन गर्ने उद्देश्यसहित मूल्यांकन प्रक्रिया अघि बढाइएको छ।

लामो समयदेखि उत्पादन बन्द वा न्यून क्षमतामा सञ्चालन हुँदै आएका यी उद्योगहरूलाई पुनर्जीवन दिने सरकारी योजनाले औद्योगिक क्षेत्रमा नयाँ आशा र बहस दुवै सिर्जना गरेको छ। सरकारले यी उद्योगहरूलाई सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमार्फत सञ्चालन गर्ने तयारी गरेको छ। विगतका सरकारहरूले पटक–पटक पुनः सञ्चालनका प्रयास गरे पनि ठोस नतिजा नआएको सन्दर्भमा यसपटक वैज्ञानिक मूल्यांकन, वित्तीय विश्लेषण र निजी क्षेत्रको दक्षता समेटेर अगाडि बढ्ने रणनीति अपनाइएको अर्थ मन्त्रालयको दाबी छ।

मन्त्रालयका अनुसार उद्योगहरूको वास्तविक अवस्था पत्ता लगाउन विज्ञ टोली परिचालन गरिएको छ। सो टोलीले उद्योगका भौतिक संरचना, मेसिनरीको अवस्था, सम्पत्ति तथा दायित्वको यथार्थ विवरण, वित्तीय स्थिति र पुनः सञ्चालनको सम्भावनाबारे विस्तृत लेखापरीक्षण गरिरहेको छ। प्रतिवेदन तयार भएपछि निजी क्षेत्रसँग साझेदारीका लागि औपचारिक आह्वान गरिनेछ। सरकारले यो पहलमार्फत बन्द उद्योगहरू पुनः सञ्चालन गरी उत्पादन वृद्धि गर्ने, आयात प्रतिस्थापन गर्ने तथा रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ। औद्योगिक आत्मनिर्भरता बढाउँदै युवालाई देशमै रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यसमेत यस योजनामा समेटिएको छ।

प्रधानमन्त्री शाहले चुनावी अभियानका क्रममा तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को घोषणापत्रमार्फत स्वदेशी उत्पादन वृद्धि गर्ने, बन्द उद्योगहरू पुनः सञ्चालन गर्ने र युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। सोही प्रतिबद्धता कार्यान्वयनतर्फ सरकार अघि बढेको अर्थमा यो कदमलाई हेरिएको छ।

## मधेसमा सिँचाइको ...

मन्त्रालयले जनाएको छ। यो कार्यक्रमले सीमित क्षेत्रलाई मात्र राहत दिए पनि दीर्घकालीन रूपमा समस्या समाधान गर्न नसकेको किसानहरूको गुनासो छ। आकाशे पानीकै भरमा खेती गर्दै आएका किसान सरकारी योजनाप्रति निराश देखिन्छन्। मिथिला नगरपालिका–४ का रामजी साहले भने, 'सिजनअनुसार पानी पर्दैन, हामी आकाशे पानीकै भरोसामा हुन्छौं।' सरकारले सिँचाइ सुविधाबारे ठोस कदम र दीर्घकालीन व्यवस्था गर्नुपर्ने उनको भनाइ छ। सरकारी अनुदानमा गाडिएका बोरिङबाट समेत पानी नआएको उनले सुनाए।

त्यस्तै चक्रघट्टा नगरपालिका–३ का नरेश यादवले हरेक वर्ष सिँचाइको मुद्दा उठाउने गरे पनि भाषण र प्रतिबद्धतामै सीमित हुने गरेको बताए। उनले भने, 'सिँचाइ अभावले धान, गहुँ, मकै लगायत प्रमुख बालीको उत्पादनमा प्रत्यक्ष असर परेको छ। समयमा पानी नपुग्दा रोपाइँ ढिलो हुन्छ, उत्पादन घट्छ र लागत बढ्छ।' यता मधेस प्रदेशका कृषिमन्त्री श्याम पटेलले यसपालि प्रदेशभरिका किसानले स्यालो ट्युबवेलका लागि दिएका आवेदन नियमानुसार सबैलाई व्यवस्थापन गरिने बताए।

उनले भने, 'मलखाद संघीय सरकारको मातहतमा भएकाले त्यसमा हामी केही गर्न सक्दैनौं, तर सिँचाइको व्यवस्थापन प्रदेश सरकारले गर्न सक्छ। पर्सामा मात्रै स्यालो ट्युबवेलका लागि करिब ८०० जनाले फाराम भरेका छन्। आवेदन दिएकाहरूलाई हामी उपलब्ध गराउनेछौं।' मधेस प्रदेशको कृषि प्रधान क्षेत्रमा सिँचाइ प्रणाली प्रभावकारी नहुनु दीर्घकालीन आर्थिक जोखिमको विषय बन्दै गएको किसानहरूको भनाइ छ। उनीहरूका अनुसार सिँचाइ समस्या समाधानका लागि संरचना निर्माणभन्दा पनि दिगो व्यवस्थापन, नियमित मर्मत, विद्युत् आपूर्ति सुनिश्चितता तथा स्थानीय तहको सक्रिय सहभागिता आवश्यक छ। त्यसैगरी सामुदायिक व्यवस्थापन प्रणाली, सौर्य ऊर्जामा आधारित सिँचाइ तथा प्रविधिमैत्री समाधानहरू अपनाउन सके मधेसको सिँचाइ सङ्कट समाधानतर्फ उन्मुख हुन सक्ने देखिन्छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# दुई महिनादेखि हराएका छोरा खोज्दै परिवार




**विद्यानन्द राम**

राजविराज, २८ चैत्र। उनका १४ वर्षका छोरा सम्पर्कविहीन भएको दुई महिना बितिसक्यो। दिनरात छोराको खोजीमा भौंतारिरहेका छन्। तर, कतै फेला नपरेपछि सप्तरीको तिलाठी कोइलाडी-६, बभनगामाकट्टीका जयकृष्णकुमार यादव बेचैन छन्। जयकृष्णका छोरा अमनकुमार गत माघ १९ गते दिउँसो हनुमाननगर कंकालिनी-१, भारदहस्थित कोशी मेला हेर्न गएका थिए। तर, साँझ अबेरसम्म नफर्किएपछि परिवारले खोजी सुरु गरेका थिए। सम्भावित ठाउँमा खोजी गरे पनि अझैसम्म बालक फेला नपरेको परिवारले जनाएको छ।

परिवारले पत्रकार सम्मेलन गरेर छोराको खोजीमा सघाउन अनुरोध गरेका छन्। बालकका बुवा जयकृष्णले छिमेकी रामदेव र कारी यादव मिलेर छोरा 'बेपत्ता' बनाएको आरोप लगाए। 'छोरा हराउनु भन्दा चार दिनअघि रामदेव र कारीले १० हजार रुपैयाँ नभए एक बिघा जग्गा पास गरिदेऊ, नत्र तिम्रो छोराको अपहरण गरी मारिदिन्छु भनेका थिए,' जयकृष्णले भने, 'भएभरको जग्गा उनीहरूलाई कसरी दिन सक्थेँ र ?' उनीहरूले आफूलाई धम्क्याएको चार दिनपछि छोरा सम्पर्कविहीन भएको उनले बताए।

पत्रकार सम्मेलनमा जयकृष्णले छोरा हराएको विषयमा उनीहरूसँग सोध्दा रामदेव र कारीले कोशी पलारमा राखेको आफूलाई बताएको पत्रकार सम्मेलनमा जनाए। त्यतिबेला दुवै जनाले जग्गा नामसारी गरिदिन फेरि धम्क्याएको उनले दाबी गरे। 'खोजी गरिदिन माघ २२ गते प्रहरीमा निवेदन दिएँ,' उनले भने, 'उनीहरूसँग प्रहरीले सोधपुछ त गऱ्यो तर छोरा फेला परेन।' छोरा हराएलगत्तै चैत १९ गते जाहेरी दिन प्रहरीमा पुगेको उनले सुनाए। त्यति बेला प्रहरीले परिवारलाई नै खोजेर ल्याउन अह्राएका थिए। त्यसपछि बाध्य भएर पत्रकार सम्मेलनमार्फत छोराको खोजीमा सहयोग गरिदिन आग्रह गरेको उनले बताए।

आरोपी रामदेवले बालक हराएको विषयमा आफूले १०/१२ दिनअघि मात्र जानकारी पाएको बताए। 'ममाथि गलत आरोप लगाइरहनु भएको छ,' उनले भने, 'मैले जयकृष्णसँग पैसा वा जग्गा मागेको पनि छैन, प्रहरीलाई पनि बयानमा त्यही बताएको छु।' अर्का आरोपी कारीसँग सम्पर्क हुन सकेन। स्थानीयका अनुसार कारी अहिले भारतमा छन्। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले हुलिया परिपत्र गरेर बालकको खोजी कार्य भइरहेको बताए।

'बालकको खोजी गर्न परिवारबाट जानकारी आएसँगै हामीले मातहतमा हुलिया परिपत्र गरेर खोजी गरिरहेका छौं तर हामीसमक्ष जाहेरी आइसकेको छैन,' उनले भने, 'छोराको अपहरण भएको छ भनी दुई जनाको नाम उल्लेख गरेर उहाँहरूले जिल्ला प्रशासनमा निवेदन दिएको कुरा जानकारीमा आएको छ।' घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी पुरीले बताए।

# इन्धन अभावको असर : सुस्तायो काँकडभिट्टा–लौकही सडक निर्माण

काठमाडौं, २८ चैत्र। पेट्रोलियम पदार्थ अभावले निर्माणाधीन काँकडभिट्टा–लौकही सडक निर्माण सुस्ताएको छ। पश्चिम एसियामा देखिएको तनावले पर्याप्त सडक कालोपत्र गर्न आवश्यक बिटुमिन अभाव भएको निर्माण कम्पनी इभ्रास्कन कालिका जे.भी.का प्रोजेक्ट म्यानेजर उज्वल प्रसाईंले बताए। काँकडभिट्टा लौकही सडकखण्ड अन्तर्गत पूर्वी खण्डमा इभ्रास्कन कालिका जे.भी.ले स्तोन्नतिको काम गरिरहेको छ। सडक कालोपत्र गर्ने मुख्य सिजनमा कम्पनीले स्टकमा राखेको बिटुमिनले १०–१५ दिन पुग्ने कम्पनीका प्रोजेक्ट म्यानेजर प्रसाईं बताउँछन्।

वर्षाअघि पहिलो लेयरको कालोपत्र गर्न २२ किलोमिटर सडकमा बेस बिछ्यायर तयार पारिएको कम्पनीका प्रतिनिधि प्रसाईंले बताए। बेस बिछ्याइएको क्षेत्रमा कालोपत्रे गर्न आवश्यक बिटुमिन महङ्गो मूल्यमा खरिद गरिएको भएपनि पर्याप्त नरहेको प्रसाईंले जानकारी दिए। नेपाल आयाल निगमले डिजेलमा लगाएको कोटा प्रणालीले आयोजनामा पर्याप्त डिजेल उपलब्ध नगराउँदा काम रोकिने अवस्थामा पुगेको प्रसाईंले गुनासो गरे। निर्माण कम्पनीसँग स्टकमा रहेको बिटुमिनले मात्रै कालोपत्रे गर्ने अवस्था रहेको काँकडभिट्टा लौकही सडक योजना पूर्वीखण्डका योजना प्रमुख सीडीई सुनिलबाबु पन्तले बताए।

पश्चिम एसियामा देखिएको तनावले पेट्रोलियम पदार्थको मूल्य बढेर काम गर्न नसक्ने अवस्थाको जानकारी निर्माण पक्षले आयोजनालाई गराएको पन्तले बताए। निर्माण व्यवसायीले बिटुमीन आयात गर्न खोलेको एलसी समेत फिर्ता भएको जानकारी आयोजनालाई गराएको उनले बताए। पश्चि एसिया तनाव नरोकिए यो सडक योजनाको काम हप्ता दश दिनमै रोकिने अवस्था रहेको आयोजना प्रमुख पन्त बताउँछन्। पूर्वीखण्ड अन्तर्गत काँकडभिट्टा सीतापुरीसम्म ४५ किलोमिटर लम्बाइ रहेको यो सडक १० अर्ब ६ करोड ९४ लाख रुपैयाँ लागतमा स्तरोन्नति भइरहेको छ।

# सप्तरीमा अभद्र व्यवहार गर्ने ४ जना पक्राउ

सप्तरी, २८ चैत्र। जिल्ला प्रहरी कार्यालय सप्तरीले विभिन्न मुद्दामा संलग्न ४ जनालाई पक्राउ गरी थप अनुसन्धानका लागि म्याद थप गरेको छ। प्रहरीले बोक्सीको आरोपमा कुटपिट गर्ने एक जना र अभद्र व्यवहार गर्ने तीन जना गरी चार जनालाई पक्राउ गरेको हो।

सप्तरीको बोदेबर्साइन नगरपालिका वडा नं. १ बस्ने २४ वर्षीय रामनारायण यादवलाई प्रहरीले पक्राउ गरेको छ। यादवले गत असोज २७ गते बोदेबर्साइन-१ स्थित धनगढी टोलमा जाहेरवाला ईश्वरवती देवी यादवकी सासू आमा निरासी यादवनीलाई बोक्सीको आरोप लगाउँदै विभिन्न किसिमका गालीगलौज गरी मुखमा जबरजस्ती कालो मसो र सेतो चुन दल्ने प्रयास गरेको आरोप छ। उनलाई पक्राउ गरी अदालतबाट ६ दिनको म्याद थप गरिएको छ।

प्रहरीले अभद्र व्यवहार गरेको आरोपमा थप तीन जनालाई नियन्त्रणमा लिएको छ। सुनील कुमार सदाः सुरुङ्गा नगरपालिका वडा नं. ६ बस्ने २२ वर्षीय सदाले चैत २६ गते बजार क्षेत्रमा होहल्ला गरिरहेको अवस्थामा प्रहरी टोलीले सम्झाउन खोज्दा उल्टै प्रहरीलाई गालीगलौज र ड्युटीमा बाधा पुऱ्याएको आरोपमा पक्राउ परेका हुन्। उनलाई ६ दिनको म्याद थप गरिएको छ।

रामचन्द्र मण्डलः बोदेबर्साइन नगरपालिका वडा नं. १ बस्ने मण्डललाई गत माघ २५ गते मनौर टोलमा सुजान देवी यादव लगायतलाई बाँसको लाठी र हातमुक्काले कुटपिट गरी अभद्र व्यवहार गरेको आरोपमा पक्राउ गरिएको छ। उनलाई पनि ६ दिनको म्याद थप गरिएको छ।

शेखर मण्डलः महादेवा गाउँपालिका वडा नं. ४ बस्ने ४६ वर्षीय मण्डललाई चैत २६ गते राजविराज नगरपालिका वडा नं. २ मा गंगाधर प्रसाद देवलाई अपशब्द प्रयोग गरी गालीगलौज, धाकधम्की र अभद्र व्यवहार गरेको आरोपमा पक्राउ गरिएको छ। उनलाई ७ दिनको म्याद थप गरिएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीका अनुसार पक्राउ परेका सबैमाथि सम्बन्धित मुद्दामा थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ।

# हप्तामा दुई दिन बिदा र शैक्षिक सत्र पछि सार्दा शैक्षिक कार्यक्रममा असर पर्ने चिन्ता

काठमाडौं, २८ चैत्र। सरकारले हप्तामा दुई दिन बिदा दिएपछि त्यसको सबैभन्दा ठूलो असर विद्यालय शिक्षामा पर्ने अभिभावक तथा नीजि विद्यालय सञ्चालकहरुले बताएका छन्। शिक्षा तथा मानव श्रोत विकास केन्द्रले सबै विद्यालयहरूलाई आउँदो वैशाख १५ बाट भर्ना अभियान थाल्न र २१ गतेबाट मात्रै नयाँ शैक्षिक सत्रको पठनपाठन शुरू गर्न भनेको छ। एकातिर दुई दिन बिदा र सँगै नयाँ शैक्षिक सत्र समेत अघिल्लो वर्षको भन्दा पछाडि सारिएपछि शिक्षामा समस्या आउने चिन्ता बढेको हो। ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकाले त निर्णय नै गरेर वैशाख २ गतेदेखि नै भर्ना शुरू गरेर साविककै समयमा पढाई शुरू गर्ने बताएको छ।

यस्तै विद्यालयसहित सबै कार्यालय हप्तामा ६ दिन खुल्ला गर्ने गाउँपालिकाको निर्णय छ। प्रधानअध्यापक संघका अध्यक्ष सुदनप्रसाद गौतम दुई दिन बिदा हुँदा पाठ्यभारमा असर पर्ने बताउनुहुन्छ। उहाँका अनुसार पाठ्यक्रम विकास केन्द्रले २ सय २० दिनको पाठ्क्रयम बनाएको छ। अब ५२ दिन थप बिदा हुँदा त्यो पूरा गर्न सकिँदैन। विकसित देशहरुमा हप्तामा तीन चार दिन पढाएका उदाहरण पनि छन्। तर हाम्रोमा त्यो हैसियतको शिक्षक तयार भइनसकेको विज्ञहरु बताउँछन्। पेट्रोलियम पदार्थको सङ्कट भएको बेला विशेष व्यवस्था गरे पनि अहिले नै हाम्रो शिक्षा प्रणाली हप्तामा पाँच दिन पढाउने गरी तयार नभइनसकेको उनीहरुको भनाइ छ।

# मधेश प्रदेश सरकारद्वारा ६ दिन सार्वजनिक बिदा थप

**हदिश खुद्धार**

जनकपुरधाम, २८ चैत्र। मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३ का लागि संघ सरकारले निर्धारण गरेको सार्वजनिक बिदाबाहेक थप ६ दिन सार्वजनिक बिदा दिने घोषणा गरेको छ। प्रदेश सरकारले दिने सार्वजनिक विदा प्रदेशभरि लागू हुन्छ। प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गर्दै सांस्कृतिक तथा धार्मिक महत्वका पर्वहरूलाई लक्षित गरी थप बिदा स्वीकृत गरिएको जनाएको हो। निर्णयअनुसार २ वैशाखमा 'सिरुवा पावनी', ३० कात्तिक छठ पर्वअन्तर्गत उदाउँदो सूर्यलाई अर्घ्य दिने दिन, तथा २८ मंसिर 'विवाह पञ्चमी' का अवसरमा सार्वजनिक बिदा दिइनेछ।

यसका साथै प्रदेश सरकारले आवश्यकताअनुसार थप ३ दिनसम्म बिदा घोषणा गर्न सक्ने व्यवस्था पनि गरिएको छ। गृह, सञ्चार तथा कानुन मन्त्रालयका निमित्त प्रदेश सचिव गणेश नायकका अनुसार फागुन १८ गते प्रकाशित प्रदेश राजपत्र (खण्ड ७५, संख्या ६७, भाग ५०) मा उल्लेख भएअनुसार वैशाख १ गतेदेखि चैत मसान्तसम्म लागू हुने गरी एक वर्षको अवधिमा संघीय बिदाबाहेक थप ६ दिन सार्वजनिक बिदा स्वीकृत गरिएको हो। प्रदेश सरकारले स्थानीय संस्कार, परम्परा र जनभावनालाई सम्मान गर्दै यस्तो निर्णय गरेको जनाएको छ।

*आइतवार ...*

आकस्मिकलगायत २४सै घण्टा सेवा प्रदान गरिरहेको अवस्थामा समय गणना नहुनु अन्यायपूर्ण रहेको संघले जनाएको छ। पर्याप्त जनशक्ति व्यवस्थापन नभएसम्म मन्त्रालयको निर्देशन कार्यान्वयन गर्न नसकिने संघको ठहर छ।

यसैबीच विभिन्न अस्पताल तथा प्रतिष्ठानले फरक–फरक सूचना जारी गरेका छन्। त्रिवि शिक्षण अस्पताल, मनमोहन कार्डियो थोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतले आकस्मिक बाहेक आइतवार बहिरङ्ग सेवा पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेका छन्। उता राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, भरतपुर अस्पतालले भने आइतवार पनि सेवा सञ्चालन गर्ने जनाएका छन्।संघले विभिन्न स्वास्थ्य संस्थामा फरक–फरक दिन बिदा दिँदा अस्पतालहरुले दिने बिदामा एकरूपता नहुने र स्वास्थ्य सेवा लिने बिरामीहरु अन्योलमा पर्ने भएकाले स्वास्थ्य सेवा प्रवाहमा गम्भीर असर पुग्ने जनाएको छ। संघले ज्यादै न्यून सेवा सुविधा दिइ जबरजस्ती सेवामा खटाउने परिपाटी अन्त्य नभए चिकित्सक तथा स्वास्थ्यकर्मी संघर्षमा उत्रिन बाध्य हुने भन्दै चेतावनी दिएको छ।

## स्रोत नखुलेको रुपैयाँसहित दुई पक्राउ

सर्लाही, २८ चैत्र। ब्रह्मपुरी गाउँपालिका–४ मा स्रोत नखुलेको ८ लाख रुपैयाँसहित २ जना पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा चन्द्रनगर गाउँपालिका–४ का २३ वर्षीय कृष्ण कुमार पासवान र चन्द्रनगर गाउँपालिका–१ का ४१ वर्षीय शिव नारायण महतो रहेका छन्। उनीहरूलाई स्रोत नखुलेको नगद ८ लाख रुपैयाँसहित शुक्रबार राति प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

*स्वास्थ्यका...*

गर्दै थप जनशक्ति पठाउने प्रयास गर्ने प्रतिबद्धता जनाए। तर, स्थानीय स्वास्थ्य प्रणालीमा कर्मचारीहरू अन्य कार्यमा खटिएका छन्। सिअहेव अरुण कुमार सिंहलाई जिन्सी शाखाको जिम्मेवारी दिइएको छ भने बैजनाथ साहलाई ५ नम्बर वडाका सचिव बनाइएको छ। अन्य तीन जना स्वास्थ्यकर्मीहरू हाल जिम्मेवारीबिना बसिरहेको स्रोतले जनाएको छ।

अहिलेको अवस्थामा नरहा गाउँपालिकाको प्रसूति गृहको सञ्चालनमा स्पष्ट चुनौतीहरू छन्। अनमी एक्लै सेवा दिँदा सुरक्षा र गुणस्तर सुनिश्चित गर्न कठिनाइ हुन्छ। स्वास्थ्य सेवामा निरन्तरता र पहुँच सुनिश्चित गर्न थप स्वास्थ्यकर्मीको स्थायी व्यवस्थापन, जिम्मेवारी स्पष्ट पार्ने र स्थानीय स्वास्थ्य प्रणालीमा समन्वय आवश्यक छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)